# लुम्बिनी विकास कोष

लुम्बिनी, रुपन्देही

फोन नं. ०७१–४०४०४०

## काठ दाउरा लिलामको सुचना

**(प्रकाशित मिति २०८३।०२।२६)**

यस कोषको मिति २०८३।०१।०२ को निर्णयवाट लट कायम भई घाटगद्दी गरिएका काठ तथा दाउरा लिलाम विक्री गर्न नेपाल सरकारको EGP System www.bolpatra.gov.np मा मिति २०८३।०२।०६ मा २१ दिनको समय दिई प्रकाशित भएको लिलाम बिक्री सम्बन्धी बोलपत्रको समय कोषको मिति २०८३।०२।२५ को निर्णयानुसार ७ (सात) दिन थप गरिएको छ । वन पैदावर कारोवार गर्ने इजाजत प्राप्त र रीत पुगेका काष्ठ व्यवसायीले ई-विडिङ्ग पोर्टल www.bolpatra.gov.np मार्फत बोलपत्र प्रकृयामा भाग लिन सक्नेछन् ।

१. मान्यता प्राप्त व्यवसायी/फर्मले ई-विडिङ्ग पोर्टल www.bolpatra.gov.np मार्फत मात्र यस बोलपत्रमा भाग लिन सक्नेछन् ।

२. बोलपत्र दर्ता गर्दा बन पैदावारको कारोबार गर्ने उद्देश्यले दर्ता गरिएको व्यवसाय दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८२।०८३ को लागि नविकरण भएको प्रमाण, मु.अ.कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८१।०८२ को कर चुक्ता प्रमाण पत्र र डिभिजन बन कार्यालयमा सूचिकृत भएको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

३. बोलपत्र खरिद गर्दा तपसिलमा उल्लिखत दस्तुर कोषमा नगदै तिरेको भौचर वा यस कोषको कुमारी बैंक लुम्बिनीमा रहेको आम्दानी खाता नं. २०३०२४५८३९३००००१ मा दाखिला गरेको बैंक भौचर पेश गर्नुपर्नेछ ।

४. बोलपत्रसाथ आफूले कबोल गरेको ठेक्का अंकको १०% (दश प्रतिशत) का दरले हुन आउने धरौटी रकम कोषको कुमारी बैंक लि. लुम्बिनीमा रहेको धरौटी खाता नं. २०३०२४५८३९२००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कोषको नाममा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको बोलपत्र जमानत बोलपत्रसाथ राखी अनिवार्य पेश गर्नुपर्नेछ ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दीमा गई हेर्न सकिने छ । यस विषयमा पछी वादविवाद गर्न पाइने छैन ।

६. लिलाम स्विकृतीको जानकारी बोलपत्रमा उल्लेखित ठेगानामा पठाइनेछ । जानकारी पाएको मितिले सकार गरेको रकम, नियमानुसार लाग्ने लट अनुसारका संकलन खर्च र कानुन बमोजिम तोकिएको अवधि भित्र रकम बुझाई जे जस्तो छ सोही अवस्थामा वन पैदावार उठाई लैजानु पर्नेछ ।

७. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दीमा गई हेर्न सकिने छ । यस विषयमा पछि वादविवाद गर्न पाइने छैन ।

८. बोलपत्रमा तेकिएका न्युनतम् दररेट भन्दा कम दररेट भर्न पाइने छैन ।

९. कबोल अंकको १० प्रतिशत धरौटी आफूले पेश गरेका अन्य बोलपत्रमा समेतको खाम्ने गरी समावेश नभएको र बोलपत्र आब्हानको सूचनामा तोकिएका अन्य सर्तहरु पुरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस लुम्बिनी विकास कोषमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार गरिने छैन ।

११. कालो सूचिमा परेका र कोषलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यवसायी/फर्मको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२. अनिवार्य पेश गर्नुपर्ने कागजातहरु पेश नगरेमा बोलपत्र मूल्यांकन प्रकृयामा सहभागी गराइने छैन ।

**१३. भगवान गौतम बुद्वको जन्मस्थल वरिपरि रहेका बृक्षहरूको अत्यन्तै धार्मिक महत्व हुने बिषयलाई हृदयांगम गरी लिलाम बढावढ गरिने बनजन्य काठ, दाउराहरूबाट भगवानका मूर्तिहरू, धुपहरू एवम् धार्मिक प्रयोजनमा प्रयोग हुने काष्ठकला तथा उपहार उत्पादनमा प्रयोग गर्नुपर्नेछ । यसरी उत्पादन गरिने धार्मिक सामाग्रीहरुको हकमा कोषले आधिकारिकता चेकजाँच गरी तोकिएको शुल्क लिई प्रमाणिकरण गरिदिन सक्नेछ ।**

१४. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभए जतिमा प्रचलित ऐन, नीति नियम, निर्देशिका अनुसार हुनेछ । प्रिन्ट गल्ती भई अन्यथा भएको अवस्थामा नियमानुसार हुनेछ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | शीर्षक | न्युनतम ठेक अंक (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | LDT/NCB/LOT-28/082/83 | Auction Sale of Timber and Fire Wood | रू. २,०८,०००.०० | रू. १०००.०० |
| २ | LDT/NCB/LOT-29/082/83 | Auction Sale of Timber and Fire Wood | रू. २,०८,०००.०० | रू. १०००.०० |
| ३ | LDT/NCB/LOT-30/082/83 | Auction Sale of Timber and Fire Wood | रू. २,०८,०००.०० | रू. १०००.०० |
| ४ | LDT/NCB/LOT-31/082/83 | Auction Sale of Timber and Fire Wood | रू. २,०८,०००.०० | रू. १०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ५ | LDT/NCB/LOT-32/082/83 | Auction Sale of Timber and Fire Wood | रू. २,०८,०००.०० | रू. १०००.०० |
| ६ | LDT/NCB/LOT-33/082/83 | Auction Sale of Timber and Fire Wood | रू. २,०८,०००.०० | रू. १०००.०० |
| ७ | LDT/NCB/LOT-34/082/83 | Auction Sale of Timber and Fire Wood | रू. ३६,०००.०० | रू. १०००.०० |